अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेनी नगरपालिका, म्याग्दी

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation

and

the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं

मिति: २०७७/३/२४

श्री प्रमुखज्यू,
बेनी नगरपालिका,
म्याग्दी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७

च.नं

मिति: २०७७।३।२५

श्री प्रमूखज्यू,

बेनी नगरपालिका, म्याग्दी ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय : हामीले वेनी नगरपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाटरु.३ करोड ९५ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६२ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २ढ लाख ३८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना छब्बिस (२६) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

परिचय : स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट धेरै भन्दा धेरै सेवा र सुविधा प्रदान गर्न यस नगरपालिकाको स्थापना भएको हो । यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ र यस अन्तर्गत १० वडा रहेका छन् ।

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ		सि.न.	व्ययतर्फ	
	विवरण	जम्मा रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	२३१९३७०००.००
	क) नगद	०.००	२	**पूँजीगत खर्च**	१६२२२८१३४.००
	ख) बैंक	३९७०००००	३	**अन्य खर्च**	१३७१०५८८५.६९
		०.००	४	**वित्तीय व्यवस्था भुक्तानी**	०.००
२	**राजस्व (आन्तरिक आय)**	०.००		क) ऋण भुक्तानी	०.००
	क) आन्तरिक राजस्व	४७९८१६५.९७		ख) व्याज भुक्तानी	०.००
	ख) राजस्व बाँडफाँड	६२९७७०८५.२३		ग) अन्य भुक्तानी	०.००
	ग) अन्य आय	०.००	५	**लगानी**	०.००
३	**वित्तीय हस्तान्तरण**	०.००		ऋण लगानी	०.००
	क)वित्तीय समानीकरण अनुदान	१०७६०००००		शेयर लगानी	०.००
	ख) सशर्त अनुदान	२८७६५००००		अन्य लगानी	०.००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	०.००	६	**धरौटी फिर्ता**	७२७४२८२.००
	क)वित्तीय समानीकरण अनुदान	१०७०२८८२.००	७	**कोष खर्च**	०.००
	ख) सशर्त अनुदान	०.००	८	**मौज्दात**	०.००
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	०.००		क) नगद मौज्दात	०.००
६	**वित्तीय व्यवस्था प्राप्ति**	०.००		ख) बैंक मौज्दात	६४५६५८१७.९०
९	**विषयगत निकायबाट प्राप्त रकम**	०.००		धरौटी	२३६१८८०.४१
१०	**धरौटी आय**	९६३६१६२.४१			०.००
११	**अन्य विविध आय**	८२४०८७०४.३९			०.००
	जम्मा	**६०५४७३०००**		**जम्मा**	**६०५४७३०००**

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१</td><td>वित्तीय विवरण:स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ । सो प्रयोजनका लागि महालेखा परीक्षकबाट २०७५।८।१० मा ढाँचा तोकिएकोमा सो ढाँचामा वित्तीय विवरण तयार गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१.१</td><td>गत वर्षको लेखा परीक्षणका लागि पेश भएको आर्थिक विवरण अनुसार यस वर्षको लागि रु.४ करोड ६९ लाख जिम्मेवारी सरेकोमा आर्थिक विवरणमा रु. ३ करोड ९७ लाख मात्र जिम्मेवारी सारेकोले कम जिम्मेवारी सारेको रु.</td><td>७२०००००</td></tr>
<tr><td>१.२</td><td>कार्यालयले तयार गरेको बैंक नगदी किताब अनुसार यस वर्ष निम्न कार्यक्रममा रु. ६,४५,६५,८१७।९० बैंक बाँकी रहेकोमा बैंक खातामा रु. ६,९५,५७,३३६।६१ बाँकी देखिएकोले कार्यालयले बैंक हिसाब विवरण (म ले प फा नं. १५) तयार गरी हिसाब मिलान गरेको पाइएन ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>स्रेस्ता अनुसार बाँकी</th></tr>
<tr><td>वित्तीय समानीकरण</td><td>३०४४१९१</td></tr>
<tr><td>सञ्चित कोष</td><td>४३२८११</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>९२१६००</td></tr>
<tr><td>८०४४४४०१५०५</td><td>१९२५२९०</td></tr>
<tr><td>८०४४४४१५०३</td><td>१०३७२८६</td></tr>
<tr><td>गरिबसँग विश्वेश्वर</td><td>२४०००</td></tr>
<tr><td>८०४४४४०१५०१</td><td>-१५७४६३५</td></tr>
<tr><td>८०४४४४०१५०१</td><td>१९९१६५८९.९०</td></tr>
<tr><td>८०४४४४०१००१</td><td>२३२९९६८७</td></tr>
<tr><td>३१२२०५३</td><td>१६८५०</td></tr>
<tr><td>आन्तरिक आय तथा राजश्व बाँडफाँड</td><td>१५५२२१४८</td></tr>
<tr><td>जम्मा</td><td>६४५६५८१७.९</td></tr>
<tr><td>बैंक खाता नम्बर</td><td>२०७६ आषाढ महिनाको बाँकी</td></tr>
<tr><td>०६३०---४२४३</td><td>१६३७१४५</td></tr>
<tr><td>०६३०---४१४३</td><td>४७७७४३८.७०</td></tr>
<tr><td>०६३०---२००२०५२</td><td>९९८७७४३.९०</td></tr>
<tr><td>०६३०----०४३२</td><td>१०९६७३०</td></tr>
<tr><td>०६३०---२००१०५२</td><td>४०७९३९४४.११</td></tr>
<tr><td>०६३०---४००२०४५</td><td>११२६४३३४.९०</td></tr>
<tr><td></td><td>६९५५७३३६.६१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१.३</td><td>कार्यालयको बैंक नगदी किताव परीक्षण गर्दा निम्न कार्यक्रममा बैंक नगदी किताबले देखाएको बैंक बाँकी रकम फरक परेको देखिएकाले हिसाब मिलान हुनु पर्दछ ।
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>आम्दानी</th><th>खर्च</th><th>बाँकी हुनु पर्ने</th><th>देखाएको बाँकी</th></tr>
<tr><td>वित्तीय समानीकरण</td><td>१६३०९६३०५</td><td>१६११९१०१५</td><td>१९०५२९०</td><td>३०४४१९१</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td>५८५५६८००</td><td>५७५२४४००</td><td>१०३२४००</td><td>९२१६००</td></tr>
<tr><td>८०४४४४०१००१</td><td>६४०२३६८८.८०</td><td>४०२५०३१३</td><td>२३७७३३७५</td><td>२३२९९६८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा खर्च हुन बाँकी रकम फ्रिज गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न कार्यका लागि निकाशा प्राप्त रु. १८९३८०००।०० मध्ये रु. १८४६८४१९।०० खर्च नभई बाँकी रहेकोमा बाँकी रु. ६६९५८१।०० संघीय सञ्चित कोषमा दाखिला हुनु पर्ने रु.</td><td>४६९५८१</td></tr>
<tr><td></td><td>
<table>
<tr><th>बजेट उपशीर्षक</th><th>निकासा</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>३६५१६०३</td><td>१७३२५०००</td><td>१७१११९५०</td><td>२१३०५०</td></tr>
</table></td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

३१२२०५३	३९४०००	३७७१५०	१६८५०
६०२११०३	१२१९०००	९७९३१९	२३९६८१
जम्मा रु.	**१८९३८०००**	**१८४६८४१९**	**४६९५८१**

३	**स्थानीय विकास कोष खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सञ्चित कोषको व्यवस्था गरेको छ । नगरपालिकाले प्राप्त गर्ने सबै रकम सञ्चित कोषमा दाखिला हुने र कोषबाट खर्च गर्ने कार्यविधि तोकिएको छ । नगरपालिकाले निम्न कोषहरु विगत वर्ष खडा गरेकोमा यस वर्ष कुनै रकम खर्च नगरेपनि यस्ता कोषहरु खडा गर्ने व्यवस्था ऐनमा रहेको पाइएन । नगरपालिकाले यस्ता कोष खडा गर्ने तथा खर्च गर्ने कार्यविधि तयार गरेको पाइएन ।	

कोषको विवरण	मौज्दात बाँकी	बैंक खाता नम्बर
मर्मत संभार विशेष कोष	१४५००००	०६३०---५००२००३
महिला तथा बालबालिका कोष	१२०१०००	०६३०---५००८००२
दैवी प्रकोप उद्धार कोष	१७५००००	०६३०---५००४००२
वातावरण संरक्षण विशेष कोष	६०००००	०६३०---५००६००२
गरिबी निवारण विशेष कोष	४५००००	०६३०---५००७००३
कर्मचारी कल्याण कोष	२७५१४८१.९०	०६३०---०५१३
स्वास्थ्य तथा सामुदायिक विशेष कोष	४५००००	०६३०---५०११००१
जम्मा	**८६५२४८१.९**	

४	**पदाधिकारी सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा व्यवस्था रहेको छ ।	
४.१	गण्डकी प्रदेशले उपरोक्त कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे बमोजिम यस वर्ष यो नगरपालिकाले प्रमुख, उपप्रमुख र सदस्यको पारिश्रमिक रु. ७५,६४,५१८।०० खर्च लेखेको देखियो ।	
४.२	उक्त ऐनमा कार्यपालिकाका सदस्य एवं सभाका सदस्यले वडाध्यक्षको काम कार्यवाहक भई गरेमा बडाध्यक्षको सुविधा पाउने व्यवस्था रहेकोले सो रकम असुल गर्नु पर्ने रु.	६००००
४.३	उक्त ऐनको दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउने उल्लेख छ । नगरपालिकाले उपरोक्तानुसार निवृत्तिभरण पाए नपाएको सम्बन्धमा पदाधिकारीलाई स्वघोषणा गर्न लगाएको पाइएन ।	
५	**पदाधिकारी सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा व्यवस्था रहेको छ ।	
५.१	गण्डकी प्रदेशले उपरोक्त कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरे बमोजिम यस वर्ष यो नगरपालिकाले प्रमुख, उपप्रमुख र सदस्यको पारिश्रमिक रु. ७५,६४,५१८।०० खर्च लेखेको देखियो ।	
५.२	उक्त ऐनमा कार्यपालिकाका सदस्य एवं सभाका सदस्यले वडाध्यक्षको काम कार्यवाहक भई गरेमा बडाध्यक्षको सुविधा पाउने व्यवस्था रहेकोले सो रकम असुल गर्नु पर्ने रु.	६०००

अख्तियारी उपलब्ध गराउने निकाय	सरकारको तह	उपशीर्षक	निकाशा
भौतिक पूर्वाधार विकास मन्त्रालय	प्रदेश	७०४३७३५१३	७००००
		७०४३२८५१३	१०७०२८८२.८०
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	संघ	३१२२०५३	३९४०००
		३४०१०५३	१००००००
		३६५०१५३	५७४९२४००
		३६५१५८३	३०५०००
		३६५१६०३	१७३२५०००

दफा नं.	भौ.नं., मिति र व्यहोरा				बेरुजू रकम
			३७११०८३	३८९६६८९	
			३४०१०५	१००००००	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
६	**कर्मचारी दरबन्दी**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको प्रशासकीय संगठन र कर्मचारी दरबन्दीको व्यवस्था रहेको छ । नेपाल सरकारले यस नगरपालिका अन्तरगत नगर कार्यपालिका तर्फ २९ जना, बडा कार्यालय तर्फ २० जना, कृषितर्फ ४ जना र पशु तर्फ ५ जना गरी ५८ जनाको दरबन्दी स्वीकृत भएको छ । कार्यालयबाट प्राप्त कर्मचारीको विवरण अनुसार नगरपालिका तर्फ २२ जना, वडा कार्यालय तर्फ १४ जना, शिक्षा शाखा (स्रोत व्यक्ति) २ जना, विभिन्न कार्यक्रम तर्फ ८ जना, पशु सेवातर्फ १ जना, सवारीचालक तथा हेल्परतर्फ ६ जना, कार्यालय सहयोगी २० जना, स्वास्थ्य शाखा अन्तरगत ३७ र १६ जना गरी १२६ जना कर्मचारी कार्यरत रहेको देखियो । अतः दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।	
६.१	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सृजना गर्न नसकिने (नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीशियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेक) व्यवस्था रहेको भएपनि नगरपालिकाले नेपाल सरकारले स्वीकृत गरेको दरवन्दी विवरणमा नपरेका पदमा समेत करारमा कर्मचारी कायम राखी तलब भत्ता भुक्तानी दिएको छ ।	
७	**आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाइएन ।	
८	**मौजुदा सूचीः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क मा सोही ऐनको दफा ३०(६), ४१(१)(क) र ४६ बमोजिम खरिद गर्न तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले सोझै खरिद गर्ने प्रयोजनका लागि योग्यताको आधारमा सूची तयार गर्ने र यस्तो सूचीलाई अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सो अनुसार खरिद गर्दा मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र (अनुसूची २ख) समेत पेश गरी खरिद नगरेको एवं कार्यालयले मौजुदा सूचीको अभिलेख दर्ता पुस्तिका (अनुसूची २ग) अद्यावधिक नगरेकोले सो सूचीमा समावेश भएका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकबाट प्रस्ताव माग गरि खरिद गरेको एकीन गर्ने आधार भएन ।	
९	**मेशिनको प्रयोगः** नेपाल सरकारले आन्तरिक रोजगारी सृजना र व्यवस्थापन गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम आरम्भ गरी बेरोजगारको सूचीमा समावेश भएका व्यक्तिहरुलाई सार्वजनिक क्षेत्रमा रोजगारी प्रदान गर्न एवं सामुदायिक पूर्वाधारको विकास गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गरी लागु गरेको छ । उक्त निर्देशिकामा रु. १ करोडसम्म लागत भएका आयोजनामा श्रममूलक प्रविधि प्रयोग गर्ने नीति लिएपनि नगरपालिकाले मेशीन प्रयोगमा नियन्त्रण गरेको पाइएन ।	
१०	**चौमासिक तथा आषाढ महिनाको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगति तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित चौमासिकमा कार्यक्रम वा क्रियाकलाप सञ्चालन गरिनु पर्दछ । कार्यालयको यस वर्षको पूँजीगत तर्फको चौमासिक र आषाद महिनाको खर्चको अवस्था निम्न रहेको छ । (रु. ००० मा)	

शीर्षक	कुल खर्च रु.	पहिलो चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिना	
		खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

वित्तीय समानीकरण चालु	४०२५०	११८८२	३०	१२५२८	३१	१५८४०	३९	५२१४	१३
वित्तीय समानीकरण पूँजीगत	१६१११९१	१००३६	६	२९०१७	१८	१२२१३८	७६	५४८०३	३४

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
११	**आन्तरिक लेखा परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यका लागि नेपाल सरकारले आन्तरिक लेखापरीक्षकको दरबन्दी स्वीकृत गरेपनि कार्यालयले आय र व्ययको आन्तरिक लेखा परीक्षण गराएको पाइएन । यसबाट आर्थिक कारोबारमा गल्तीहरु भएका छैनन भनी आश्वस्त हुने आधार भएन ।	
१२	**पेश्की:** कार्यालयले २०७५।१२।०१ मा हिमशिखर सोमरस जे भीलाई दिएको पेश्की रकम आर्थिक वर्षका अन्तिम दिनसम्म पनि फछ्र्यौट गरेको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्र्यौट हुनु पर्ने रु.	३२९०००
१३	**विद्युतिय लेखा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँऊपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त सफ्टवेयर सबै आर्थिक कारोबारमा प्रयोगमा ल्याएको पाइएन ।	
१४	**भ्रमण खर्च:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाँउमा एकैदिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत रकम भुक्तानी पाउने व्यवस्था रहेको छ । कार्यालयले एकै दिनमा फर्कन सक्ने स्थानमा सरकारी साधन, मोटरसाइकल वा अन्य सार्वजनिक यातायातबाट भ्रमण गर्दा पनि पुरै दिनको भ्रमण खर्च लिएको देखिएकाले यसमा सुधार हुनु पर्दछ ।	
१५	**लक्ष्य प्रगति:** पालिकाले निम्न कार्यक्रमका लागि बजेट विनियोजन भएकोमा कार्यक्रम कार्यान्वयन गरेको पाइएन ।	

कार्यक्रमको नाम	स्वीकृत बजेट
उद्योग वाणिज्य	५०००००
सहकारी वित्तीय	३०००००
सूचना प्रविधि तालिम	३०००००
नगर शिक्षा योजना	३०००००
नागरिक सन्तुष्टि सर्वेक्षण	५००००
अन्तर निकाय समन्वय	५००००
संचार व्यवस्थापन	११३०००
करदाता सम्मान	५००००
व्यवसाय घर भाडा लगत संकलन	१०००००
कर्मचारी क्षमता विकास	२०००००
जनप्रतिनिधि क्षमता विकास	३०००००
वित्तीय व्यवस्थापन आर्थिक प्रशासन सुधार	१५००००
सेवा प्रवाह मापदण्ड निर्धारण	५००००
सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग	२०००००
युवा लक्षित	२०००००
बालबालिका	२०००००
खुला मैदान स्तरउन्नति	९०००००
अतिकमित सार्वजनिक जग्गा लगत संकलन	५०००००
नगरस्तरीय गुरु योजना	१००००००

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table><tr><td>रामायण पार्क</td><td>२००००००</td></tr><tr><td>चिल्ड्रेन फन्ड पार्क संभाव्यता अध्ययन</td><td>५०००००</td></tr><tr><td>जम्मा</td><td>७९६३०००</td></tr></table></td><td></td></tr>
<tr><td>१६</td><td>घर जग्गा रजिष्ट्रेशन शुल्कः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ एवं अनुसूची २ र ३ मा घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेशले र स्थानीय तहले लगाउन सक्ने व्यवस्था रहेको छ भने दफा ५(१)(ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४(१)(ख) मा घर जग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र सो को संकलन गाउँपालिका वा नगरपालिकाले गर्ने व्यवस्था रहेको र यसरी संकलन गरेको राजश्व रकम प्रदेश स्तरमा रहेको कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयले यो वर्ष घर जग्गा रजिष्ट्रेशन शुल्क असुल गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१७</td><td>वनबाट आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भएपनि समितिहरुले कार्ययोजना स्वीकृत गराएको एवं रकम दाखिला गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१८</td><td>प्रदेश राजश्वः गण्डकी प्रदेश आर्थिक ऐन, २०७५ को दफा ४ मा मनोरन्जन कर, दफा ५ मा विज्ञापन कर, दफा ८ मा रोडा, ढुंगा, गिट्टी, चिप्स, माटो, चुनढुंगा, बालुवा, दहत्तर बहत्तरको राजश्व असुली एवं व्यवस्थापनमा स्थानीय तहको भूमिका उल्लेख गरेकोमा पालिकाले सो अनुसार असुल र दाखिला गरेको अलग अभिलेख खडा गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>१९</td><td>राजश्व लेखाः आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष रु. २,०३,५०,५१४।०० आन्तरिक आम्दानी देखाएकोमा राजश्व लेखा प्रणालीका म ले प फा नं. १०८क, १०८ख, १०८, १०९, २३ नराखेकोले बास्तबिक राजस्व असुली र दाखिला एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०</td><td>लागत अनुमानः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका उल्लेख छ । जस अनुसार लागत अनुमानमा ओभरहेड, वर्क चार्ट स्टाफ खर्च, सानातिना अन्य खर्च, मूल्य समायोजन कन्टिन्जेन्सि, फिजिकल कन्टिन्जेन्सि, मूल्य अभिबृद्धि कर समेत थप गरी लागत अनुमान कायम गर्नु पर्दछ । कार्यालयले तयार गरेका लागत अनुमानमा उपरोक्त कुराहरु थप गरे नगरेको सम्बन्धमा उल्लेख नगर्नाले उपभोक्ता समितिले निर्माण गर्ने कार्यको लागत अनुमान रकमको विश्वसनियता मूल्यांकन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२१</td><td>भवन निर्माणःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ मा भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था रहेको छ । गाँऊपालिकाले आफ्नो कार्य क्षेत्रभित्र नक्सा पास गराई भवन निर्माण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । कार्यालयले भवन निर्माण गर्नु अघि अनुमतिपत्र दिएको पाइएन ।</td><td></td></tr>
<tr><td>२२</td><td>खरिद सम्झौता – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा प्रथम चौमासिक अवधिमा खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष ७ खरिद गरेको मध्ये प्रथम चौमासिक अवधिमा खरिद सम्झौता नभएको दोश्रो चौमासिक अवधिमा रु.७१,१८,८८२।- तेश्रो चौमासिक अवधिमा रु.२७,९१,६२४।- गरेको देखियो । जसको कार्यसम्पन्न समेत भएको देखिएको छ ।</td><td></td></tr>
<tr><td>२३</td><td>४१३-२०७६।३।१७ बेनी न पा ७ मा सार्वजनिक शौचालय निर्माण वापत रु. २८८२४३।०० भुक्तानी गरेकोमा नगरपालिकाको वार्षिक कार्यक्रममा उक्त कार्य समावेश नभएकाले कार्यक्रम संशोधन वेगर खर्च लेखेको रु. ...</td><td>२८८२४३</td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
२४	**आन्तरिक नियन्त्रण प्रणाली कार्यान्यवन -** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार जोखिम क्षेत्र पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदनप्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने र सोही दफाको उपदफा ३ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गाउँपालिकाको प्रमुख आफैंले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलानुपर्ने उल्लेख गरेकोमा तदनुरुपको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको एवं अनुगमन गरेको देखिएन । ● कार्यक्रमगत खर्च खाता र योजनागत अभिलेख खाता आंशिक मात्र राखिएको छ । बजेटशिट तयार गरेको छैन । ● आन्तरिक आम्दानी नियमको पालना गरी समयमा दाखिला गरेको पाइएन । ● उपभोक्ता समितिको भुक्तानीबाट मर्मत सम्भार कोषमा रकम कट्टी गरी मर्मत सम्भार कोषको व्यवस्था गर्नुपर्नेमा गरेको छैन । साथै प्रतिष्पर्धा कायम गरी बोलपत्र एवं शिलबन्दी दरभाउपत्रबाट कार्य नगराई सम्पूर्ण निर्माण कार्य उपभोक्ता समितिबाट गराइएको छ । ● गाउँपालिका भित्रका योजनाको पूर्ण रुपमा सम्भाव्यता अध्ययन गरेको पाइएन । गाउँ परिषदले योजना छनौट गरी खर्च गरिएको छ । यसले गर्दा कुन कुन योजना प्राविधिक रुपले अत्यावश्यक रहेको र लागत एवं प्रभाबकारी रहेको भन्ने स्थिति छैन । ● अन्तिम लेखापरीक्षण गर्नु पूर्व आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था भएकोमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको छैन । ● मूल्य अभिबृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाइ दिएको पाइएन । ● निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताब तयार गरी उक्त नापी किताबलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा कतिपय योजनाहरूको नापी लुज पेपरमा भर्ने गरेको पाइयो । अतः योजनागत नापी किताब बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ । ● रसिद नियन्त्रण खाता राख्ने गरेको छैन । कानूनको परिपालना नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । तसर्थ कानूनले तोके बमोजिमको कार्य गर्नुपर्दछ ।	
२५	**नक्सा पास -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २७(२) मा गाउँपालिकाले भू-जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नु पर्ने र सोही मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने उल्लेख छ । यस गाउँपालिकाले गाउँ क्षेत्रभित्रका भवन निर्माण कार्य	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	गर्दा गराउँदा नक्सा पास गराई भवन निर्माण गर्ने गरेको देखिएन भने भू-जोखिम संवेदनशिलताका आधारमा जग्गाको भू-उपयोग सम्बन्धी मापदण्ड समेत तोकेको देखिएन । तसर्थ, कार्यालयले ऐनमा भएको व्यवस्था लागु गर्नुपर्दछ ।	
२६	**बरबुझारथ -** मन्त्रालयको मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले हालसम्म अद्यावधिक गरेको पाइएन । गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
२७	**स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
२८	**छुट -** १७/२०७५/७/१६ गोरखापत्रा सूचना प्रकाशन गर्दा २५ प्रतिशतसम्म लिनुपर्ने व्यवस्था छ । बेनी नगरपालिकाले इन्टेनसिभ मेडिया एण्ड सप्लायर्स प्रा. लि. काठमाडौंलाई बोलपत्र सम्बन्धी नेपाल समाचारपत्रमा सूचना प्रकाशन गर्दा रु.३,१६,४००।- भुक्तानी गर्दा २५% मू. अ. कर बाहेकमा रु.७०,०००।- छुट दिई भुक्तानी गर्नुपर्नेमा छुट नदिएको रु.	७००००
२९	२८/२०७५/७/२६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । कोट भण्डार चोक सडक छेउमा रघुगंगा नदी र कालीगण्डकी नदीमा अविरल वर्षाको कारणबाट क्षति भएको भनी टाकुरा विकास बिल्डर्स प्रा. लि. लाई रु.२,२०,६०९।- ढुङ्गा ढुवानी भाडावापत भुक्तानी भएको र कोट भण्डार चोक स्थित नाली निर्माण गरी रु.७५,०५६।- भुक्तानी गरी रु.२,९५,६६५।- समेत रु.३,१६,४९५।- निर्माण खर्च लेखेकोमा लागत अनुमान तयार नगरी खर्च गरेको अनियमित देखिएको रु.	३१६४९५
३०	निर्माण सम्बन्धी काममा खाजाको बिल समावेश गर्न नमिल्ने व्यवस्था छ । नगरपालिकाले खाजाको बिल रु.५,३२०।- समावेश गरी निर्माण खर्च लेखेकोमा उक्त खर्च लेख्न नमिल्ने देखिएको रु.	५३२०
३१	**कर विजक -** ४५/२०७५/८/१९ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूचि ५ बमोजिमको ढाँचामा विजक जारी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कालीगण्डकी नदी कटान रोकथाम गर्ने प्रयोजनको लागि लामा जे.भी. सभ्रान्तलाई रु.९०,०००।- भुक्तानी गरेकोमा कर विजक संलग्न नरहेकोले मू. अ.कर समायोजन गरेको समेत प्रमाण पेश गर्नुपर्ने रु.	९००००
३२	**कर विजक -** १७८/२०७६/३/३१ मूल्य अभिवृद्धि कर ऐन,२०५२ कोदफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ढाँचामा सिलसिलेवार नम्बर सहितको ढाँचामा कर विजक पेश गर्नुपर्नेमा सो कर विजक	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	पेश नभएकोले न्यू वाँनिया निर्माण सेवालाई रु.१,९४,२००।- भुक्तानी भएकोमा कर विजक पेश नभएकोले कर समायोजन गरेको प्रमाण सहित बिल पेश गर्नुपर्ने रु.	१९४२००
३३	**पूँजिगतबाट चालु प्रकृतिका खर्च -** एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा पूँजिगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने व्यवस्था छ । नगरपालिकाले यो वर्ष वित्तीय समानीकरण पूँजिगत खर्चबाट चालु प्रकृतिका शीर्षकबाट हुने खर्चगरी विभिन्न संघ, संस्था, समूह, क्लबलाई खर्च गर्न नपाउने शीर्षकमा खर्चगरी नियमसम्मत भएको नदेखिएको रु.	५८८३२६५

गो.भौ.नं./मिति	वापत	रकम
४/२०७५/७/१२	कालोपुल युवा क्लब फुटबल प्रतियोगिताको लागि	२५५५५.००
९/२०७५/७/१५	खेलकुद सामाग्री खरिद गरेवापत	१११२०.००
१३/२०७५/७/१५	महिलन लीषत वर्ग तालिम सिविन नेपाल	८२२९६.००
१४/२०७५/७/१५	धवलागिरी नाट्य समूह म्याग्दी तीज गीत प्रतियोगिता	७२३७५.००
	शिवालय आमा समूह	१५०००.००
१५/२०७५/७/१६	होटल यति लन्च ब्रेकफाष्ट डिनरको बिल भुक्तानी	१४२७७५.००
१६/२०७५/७/१६	स्थानीय नाच नेपाल भाषा मंकाखल	१२५४५०.००
१८/२०७५/७/१६	साक्षरता दिवसतथा खेलकुदको लागि	४८१००.००
	लायन्स क्लब	३००००.००
	प्रेस युनियन	२५०००.००
२५/२०७५/७/२०	म्याग्दीको इतिहास संस्कृति सम्पदा पुस्तक	७५०००.००
२८/२०७५/७/२०	ज्येष्ठा नागरिक सम्मान	४१९५०.००
३४/२०७५/८/११	लायन्स क्लब बेनी	१००००.००
३५/२०७५/८/१५	ब्रह्मा कुमारी इश्वरीय विद्यालय ओम शान्ति फर्निचर खरिद	९६५००.००
३४/२०७५/८/११	क्षेत्री समाजलाई फर्निचर खरिद गर्न	७२३७५.००
३८/२०७५/८/११	नौमती बाजा समूहलाई ड्रेस खरिद	१५०००.००
४०/२०७५/८/१७	अर्थुङ्गे युवा क्लबलाई खेलकुदको लागि	३५०००.००
४७/२०७५/८/२०	म्याग्दी उद्योग वाणिज्य संघ माघेसक्रान्ती मेला	५००००.००
५०/२०७५/८/२४	छाप युवा क्लब खेलकुदको लागि	३००००.००
५७/२०७५/९/९	के.सी. स्पोर्ट हाउसलाई खेलकुद जर्सी खरिद	१९७३०.००
५८/२०७५/९/१२	धवलागिरी नाट्य समूहलाई नाटक प्रदर्शन	५००००.००
६०/२०७५/९/१२	दलित संजाल सिलाई कटाई	३५०००.००
६५/२०७५/९/२८	म्याग्दी जेशिज फुटबल कप प्रतियोसगता	२५०००.००
६७/२०७५/९/२८	म्याग्दी जेशिज साँस्कृति कार्यक्रम	२५०००.००
७९/२०७५/१०/३	म्याग्दी मुस्लिम समाज डोरी धागो तालिम	३२७२५.००
८९/२०७५/१०/८	अवलोकन भ्रमण तथा तालिम	१३९५६५.००
९३/२०७५/१०/१०	म्याग्दी उद्योग वाणिज्य संघ म्याग्दी महोत्सव	५००००.००
९९/२०७५/१०/१७	महिला उद्यम समूह माघेसक्रान्ती मेला	४८२५०.००
१०१/२०७५/१०/१७	स्वास्थ्य घुम्ती शिविर संचालन	२६३०४५.००
१०४/२०७५/१०/२०	क्षेत्री समाजलाई भाडावर्तन खरिद	४८२५०.००
१०७/२०७५/१०/२१	नेपाल मगर इकाई मकर सक्रान्ती मेला	१००००.००
	उज्यालो वैकल्पिक विद्यालय पारिश्रमिक	९६५००.००
११३/२०७५/१०/२२	स्वीटर उत्पादन संघ धागो खरिद गर्न	९६५००.००
११६/२०७५/१०/२३	म्याग्दी उद्योग वाणिज्य संघ छैटौं म्याग्दी महोत्सव	४८२५०.००
११८/२०७५/१०/२५	सामुदायिक प्रहरी दुर्वेशनी सचेतना कार्यक्रम	४८२५०.००
१२८/२०७५/१०/२९	एभरग्रीन युवा क्लब फुटबल खेल कार्यक्रम	३००००.००
	म्याग्दी जेशिज	१००००.००
१३२/२०७५/११/२	महिला उद्यम विकास समिति माघे संक्रान्ती मेला	५१०००.००
१४५/२०७५/११/१३	नेपाल रेडक्रम सोसाइटी आँखा शिविर संचालन	४८२५०.००
१४७/२०७५/११/१४	उज्यालो वैकल्पिक विद्यालय शिक्षक तलब भत्ता	२८९५००.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा			बेरुजू रकम
	१४९/२०७५/११/२१	वरनाथ सामुदायिक युवा क्लब	२५०००.००	
	१५४/२०७५/११/२३	म्याग्दी जेशिज सहयोग	२६८२५०.००	
	१५५/२०७५/११/२३	विभिन्न कर्मचारी भत्ता तथा तलब	१८१५७७.००	
	१६०/२०७५/११/३०	तलब भत्ता	५२५००.००	
		रेडक्रस सोसाइटी	२००००.००	
	१६८/२०७५/१२/१	क्षेत्री महिला समाजलाई हरितालिका तीज मनाउने कार्यक्रम	१५०००.००	
	१६९/२०७५/१२/१	उपभोक्ता समितिबा पदाधिकारी सम्बन्धी तालिम	२४८६७५.००	
	१८५/२०७५/१२/१४	थकाली सेवा समितिलाई थकाली जातिको प्रवर्द्धन गर्न	१०४५४२.००	
	१८६/२०७५/१२/१४	अपाङ्गता सम्बन्धी तालिम नगर अपाङ्गता संजाललाई	९६५००.००	
	२०६/२०७५/१२/२१	हाजिर जवाफ प्रतियोसगिता बाल संजाललाई	२८९५०.००	
	२३६/२०७५/१२/२८	करारका कर्मचारीको जनस्वास्थ्य कार्यालय कार्यालय सहयोगी तलब	८२५००.००	
		राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता	१२९८५९४.००	
	२८२/२०७६/१/२९	जनस्वास्थ्य कार्यालय उपशाखा कर्मचारी तलब	६७५००.००	
	२९४/२०७६/२/२	साँस्कृतिक सम्पदा मगर संघ	८००००.००	
	२९८/२०७६/२/३	जमुना खर्कमा सिलाई आर्थिक सहयोग	३००००.००	
	३२०/२०७६/२/१५	पुजा सामाग्री खरिद शिवलाय मन्दिर बेनी	४८२५०.००	
	३२२/२०७६/२/१९	खाजा खर्च	२०८००.००	
	३२७/२०७६/२/२१	महिला क्षमता विकास कार्यक्रम	७२३०५.००	
	३३१/२०७६/२/२१	महिलाका लागि कानुनी क्षेत्रमा विकास	८६८५०.००	
	३३३/२०७६/२/२१	दलित लक्षित कार्यक्रम	२८९५०.००	
	३८७/२०७६/२/२१ ३८८/२०७६/२/२१ ३८९/२०७६/२/२१	कोतपर्व पुजा १० वटै वडामा रु.५०,०००।- को दरले	५०००००.००	
	४४०/२०७६/३/१९	बालबालिकालाई तौलिया वितरण	५०८२०.००	
	४९७/२०७६/३/३०	ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र	७३९१.००	
		जम्मा	**५८८३२६५.००**	

३४ **आर्थिक सहायता -** एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा पूँजिगत बजेट शीर्षकमा विनियोजित बजेट शीर्षकबाट आर्थिक सहायता गर्न नपाइने उल्लेख छ । नगरपालिकाले वितरणमुखी कार्यक्रममा विभिन्न व्यक्तिहरुलाई विपद् व्यवस्थापन, रोगनिदान गर्ने, काजकृया, मृत्युसंस्कार आदि जस्ता कार्यक्रममा आर्थिक सहायता उपलब्ध गराएको देखियो । यस्तो किसिमको खर्च पूँजिगत खर्च शीर्षकबाट लेख्न मिल्ने नदेखिएको रु. ४२२२००

गो.भौ.नं./मिति	वापत	रकम
७/२०७५/७/१५	विभिन्न १४ व्यक्तिलाई आर्थिक सहायता	११४५००.००
१०/२०७५/७/१५	विपद व्यवस्था	११५००.००
११/२०७५/७/१५	२ व्यक्तिलाई स्वास्थ्य उपचार गर्न	१५०००.००
१३/२०७५/७/१५	नृत्य प्रतियोगिता गर्न	५०००.००
५६/२०७५/९/८	हरिनारायण पौडेलाई आगलागी सहायता	७५००.००
७८/२०७५/१०/३	बुधे दर्जी स्वास्थ्य उपचारको लागि	१००००.००
८८/२०७५/१०/८	केदार आचार्य/रेशम वानिया तिम्ल्यहा बच्चा जन्माएकोमा	६००००.००
९९/२०७५/१०/१७	धनकुमारी उपाध्याय तथा पवित्रा सार्की स्वास्थ्य तथा विपद व्यवस्थापन गर्न	१७५००.००
१०८/२०७५/१०/२५	जीतबहादुर खत्री स्वास्थ्य उपचार गर्न	१००००.००
१३२/२०७५/११/२	सुन्तली सुवेदी आगलागी क्षति	७५००.००
१४४/२०७५/११/१३	भिमबहादुर थापा उपचार गर्न	२५०००.००
१४८/२०७५/११/१५	माया सर्किनी रोग उपचारको लागि	१००००.००
१५३/२०७५/११/२३	गोपाल खत्री बुबाको स्वर्गारोहण भएकोले क्रिया खर्च	१००००.००
१५७/२०७५/११/३०	मिठे सार्की श्रीमतिको मृत्यु भएको	१००००.००
	शेरबहादुर पुन घर क्षति भएको	७५००.००
२२२/२०७५/१२/२६	दिलमाया सार्की दैवी प्रकोप	१००००.००
२२७/२०७५/१२/२७	वडा नं.४ रेशम बहादर दैवी प्रकोप राहत	२००००.००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

२४१/२०७६/१/१०	सुख्खा पहिरोले विभिन्न ४ जनालाई क्षति १ जनालाई बढी क्षति	२००००.००
२४५/२०७६/१/११	कमला बि. क. बिरामी उपचार गर्न	६०००.००
२४७/२०७६/१/१२	नरबहादुर छन्त्याल आगलागीबाट क्षति	४०००.००
२५३/२०७६/१/२२	टंक भट्टराई पुस्तक प्रकाशन	१०००.००
	२ जनालाई आर्थिक सहयोग	६०००.००
२५८/२०७६/१/२६	लिलावती पाध्या मुटुरोग	७०००.००
२६२/२०७६/१/१७	यामबहादुर छन्त्याल वर्षाको कारणले क्षति	१२०००.००
२९४/२०७६/२/२	भक्तबहादुर गोतामे घर जलेको	१२०००.००
३०६/२०७६/२/६	मानसिक रोगी	१५००.००
५२६/२०७६/३/२१	पदमबहादुर घर्ती क्षेत्री + पदम पुन	१७००.००
	जम्मा	**४२२२००.००**

३५ **हेभि मेशिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति वा लाभग्राही संचालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन, ड्रिष्ट्रीव्युटर विटुमिन प्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन भनी उल्लेख भएकोमा नगरपालिकाले उपभोक्ता समितिमार्फत निर्माण सम्बन्धी कार्य गराउँदा डोजर, ग्रेडर, एक्साभेटर प्रयोग गरी उपभोक्ता समितिबाट काम गराएको नियमित भएको देखिएन । उपभोक्ता समितिमार्फत हेभी मेशिन प्रयोग भएको केही आयोजना निम्न अनुसार रहेका छन् :

गो.भौ.नं. /मिति	आयोजनाको नाम	सप्लायर्सको नाम	डोजर भाडा रकम	खर्च रकम
२२४	दुधेखोला भकिम्ली सडक	सेभेन स्टेट बिल्डर्स प्रा. लि.	७७९७०.००	३९९१६२४.००
		डि. एस. कन्स्ट्रक्सन	१७७९७५.००	९६५०००.००
२४२/२०७६/१/१०	पाल्लेखेत सडक निर्माण	राखु भगवती कन्स्ट्रक्सन	११३०००.००	७०२४३३.००
२४३/२०७६/१/१०	गलेश्वर पेछे कार्की गाउँ मोटरबाटो	सम्मान कन्स्ट्रक्सन	३६१०३५.००	८५८०३४.००
२५२/२०७६/१/१३	पुमण्डी नेपाने पछे सडक	मालिका कन्स्ट्रक्सन एण्ड हेभी एक्यूमेन्ट प्रा.लि.	४६२१४७.००	१९३००००.००
२३०/२०७५/१२/२७	गलेश्वर काउले गौडा पाल्लेखेत सडक	सम्मान कन्स्ट्रक्सन	४०६८००.००	४८२५००.००
२२१/२०७५/१२/२६	नयाँगाउँ ठोल्ठान मोटरबाटो		१६५२६२.००	८९२९५९१.००

३६ **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशिन औजार वा उपकरणको बीमा गर्नुपर्ने व्यवस्था छ । देहायका आयोजनामा कार्यसम्पन्न भएतापनि बीमाको प्रावधान राखेपनि बीमा नगरेको र बि. ओ. क्यू. आइममा बीमाको प्रावधान राखेतापनि निर्माण व्यवसायीले बीमा गरेको देखिएन । नियमको परिपालना गरी खरिद कार्य अगाडि बढाउनुपर्दछ ।

